# प्रहरी महानिरीक्षक प्रकाश अर्याल
## Inspector General of Police Prakash Aryal
### Chief of Nepal Police

२०७४/०२/०२ गते

## धन्यवाद मन्तव्य

दुई दशकपछिको लामो प्रतिक्षा पश्चात सम्पन्न भएको स्थानीय तहको प्रथम चरणको निर्वाचन केही छिटफुट घटनाहरू बाहेक आशातीत: रुपमा शान्तपूर्वक सम्पन्न भएको छ । यहाँहरू सबैको निर्भिक व्यावसायिकताले नेपाल प्रहरी संगठन र यसमा आबद्ध सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई पुन: एकपटक गौरवान्वित बनाएको छ ।

वर्षौंदेखि नेपाली जनताले चाहेको संविधानसभाबाट संविधान बनाउने चाहनाले मूर्त रुप ग्रहण गरेपश्चात संविधानको सफल कार्यान्वयन हामी सबै नेपालीको सुन्दर भविष्यसँग जोडिएको छ । अब राज्यले क्रमश: पुनर्संरचनाको युगमा प्रवेश गर्ने स्पष्ट सङ्केत मिलेको छ र यसले देशको सर्वाङ्गीण विकासको मार्ग प्रशस्त गर्नेछ ।

प्रथम चरणको निर्वाचनको मतगणना, स्थानीय तहको निर्वाचनको दोश्रो चरण र तत्पश्चात प्रदेश र सङ्घीय निर्वाचन समेत भरपर्दो सुरक्षा व्यवस्थाका साथ सम्पन्न गराउने गहन जिम्मेवारी पनि हाम्रो काँधमा छ । संगठन प्रमुखको रुपमा म विश्वस्त छु, तपाईहरूले प्रस्तुत गर्नु भएको व्यावसायिकता, कर्तव्यनिष्ठा, ईमानदारिता, राज्यका अन्य निकायहरूसँगको आपसी समन्वय तथा सुरक्षा निकायहरू बीचको सहकार्यले भविष्यमा हुने सबै खाले निर्वाचनहरूलाई पनि शान्त र भयरहित वातावरणमा सम्पन्न गराउन सफल हुनेछौं ।

अन्त्यमा, यस प्रथम चरणको मतदानमा नेपाली नागरिकको मतदान गर्न पाउने अधिकार र उत्साहको सम्मान गर्दै सुरक्षित वातावरणमा मतदान गर्न समुचित सुरक्षा व्यवस्थापनमा समर्पित सकल दर्जा लगायत म्यादी प्रहरीहरूको अहोरात्र परिश्रमको प्रशंसा गर्दै धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद, जय नेपाल ।

प्रहरी महानिरीक्षक
(प्रकाश अर्याल)

मोबाइल: ९८५१२८०९९९, E-mail: prakasharyal@nepalpolice.gov.np, prakasharyal@gmail.com
पोष्ट बक्स नं.: ४०७, कार्यालय: ९७७-१-४४१२७३७, ४४१२४३२, फ्याक्स: ९७७-१-४४१५५९३
ईमेल: phqigs@nepalpolice.gov.np, वेबसाइट: https://www.nepalpolice.gov.np
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।